नेपाल सरकार

# विज्ञापन बोर्ड

बबरमहल, काठमाडौं

प.सं. :- ०८३/८४

च.नं. :- १५०

मिति :- वि.सं. २०८३/०६/३०

ने.स. :- ११४६ कौलाथ्व,६ शुक्रवार

<u>विषयः विज्ञापन रहित (क्लिन फिड) प्रसारण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना</u>

नेपालमा प्रसारण भइरहेका केही विदेशी टेलिभिजन च्यानलहरू विज्ञापन रहित (क्लिन फिड) प्रसारण नभएको भनी यस बोर्डमा विभिन्न उजुरी प्राप्त भइरहेको तथा बोर्डको अनुगमनबाट समेत त्यस्तो कार्य भइरहेको पाइएको छ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ६ को उपदफा (१) मा नेपालमा प्रसारण हुने विदेशी टेलिभिजन च्यानलहरूले विज्ञापन रहित (क्लिन फिड) प्रसारण गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी, केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ को दफा ७१ बाट संशोधन भएको विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा १५ को खण्ड (च) बमोजिम विदेशी च्यानलबाट विज्ञापन रहित प्रसारण भए वा नभएको अनुगमन गरी आवश्यक कारबाही गर्ने अधिकार विज्ञापन बोर्डमा रहेको छ। ऐनको दफा ६ बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई ऐनको दफा २५ को उपदफा (३) को खण्ड (ख) बमोजिम पाँच लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको हुँदा क्लिन फिड प्रसारण सम्बन्धी व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्नु/गराउनुहुन सम्बन्धित सबै च्यानल वितरक, MSO, LCO, IPTV तथा केबल सेवा प्रदायक, डाउनलिङ्क अनुमति प्राप्त संस्था र अन्य सरोकारवालालाई देहायबमोजिम गर्न/गराउन सूचित गरिएको छ।

१. नेपालमा प्रसारण हुने विदेशी टेलिभिजन च्यानलहरू अनिवार्य रूपमा विज्ञापन रहित (क्लिन फिड) रूपमा मात्र प्रसारण/वितरण गर्नु/गराउनुहुन।

२. टेलिभिजन सेवा प्रदायकले आफूले वितरण गर्ने च्यानलको फिड नियमित रूपमा परीक्षण गरी विज्ञापनसहितको फिड ग्राहकसम्म नपुग्ने व्यवस्था मिलाउनुहुन।

३. विदेशी टेलिभिजन च्यानलमा विज्ञापन प्रसारण हुने अवस्था रोक्न आवश्यक प्राविधिकर व्यवस्थापकीय उपाय अवलम्बन गर्नु/गराउनुहुन।

४. डाउनलिङ्क अनुमति आवश्यक पर्ने च्यानलहरू प्रचलित कानूनबमोजिम आवश्यक अनुमति लिएर मात्र प्रसारण/वितरण गर्नु गराउनुहुन।

इमेलः info@adboard.gov.np फोन नं: +९७७ ०१५९०९३४४ वेबसाइटः https://adboard.gov.np/

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Devi Pandey Khatri
devipandey2039@gmail.com

(देवी पाण्डे (खत्री))
प्रमुख प्रशासकीय अधिकृत